## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: १५-२०८२/०८३

मिति २०८३/०२/२२ | समय: विहान ०८:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री प्रधुब्न कुमार खड्का | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

| | |
|---|---|
| श्री गोविन्द प्रसाद पौडेल | सहायक प्रशासकीय अधिकृत |
| श्री कमला पौडेल | क. प्रशासन सहायक |

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०८३/०२/२२ वैठक संख्याः १५-२०८२/०८३

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. आगामी आ.व २०८३/०८४ को नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयवस्तुको सुझाव संकलन सम्बन्धमा।
३. वजेट तथा कार्यक्रमको छलफल सम्बन्धमा।
४. गाउँसभा अधिवेशन आह्वान गर्ने सम्बन्धमा।
५. विविध।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा गत कार्यपालिका निर्णय कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २:** प्रस्ताव नं.२ का सम्बन्धमा आ.व २०८३/०८४ को लागि वार्षिक नीति तथा कार्यक्रमहरु समावेश गर्नुपर्ने विषयमाथि राय सुझाव संकलनको लागि गाउँपालिका स्थित विभिन्न राजनैतिक दल, सामाजिक संघसंस्था, बुद्धिजिवी, नागरिक समाज लगायत सरोकारवालाहरुबाट राय सुझाब संकलनका लागि मिति २०८३/०२/२९ गते सर्वपक्षीय वैठकको भेला गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं.३ का सम्बन्धमा आ.व ०८३/०८४.का लागि वार्षिक वजेट तथा कार्यक्रमको लागि वडागत एवं पालिकाबाट सञ्चालन हुने कार्यक्रमका सम्बन्धमा अनिवार्य दायित्वका योजना प्राथमिकीकरणका आधारमा छनौट गरी योजना तथा सुशासनका आयामहरु कार्यान्वयन गर्ने खालका कार्यक्रम छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा आगामी गाउँसभाको १८ औं अधिवेशन मिति २०८३ साल आषाढ ५ गते शुक्रवार दिनको १:०० बजे गाउँपालिकाको सभाहलमा आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा देहाय बमोजिमको विविध निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो।

क) देवघाट गाउँपालिका वडा नं. २ स्थित छिपछिपे-नरम-करादीप मार्गको नयाँ ट्रयाक निर्माण कार्यको लागि रु ३,००,०००।– (अक्षरुपी तीन लाख रुपैयाँ मात्र) रकम व्यवस्थापन गरी कार्य गर्ने निर्णय गरियो।

ख) देवघाट बोटे समाज संरक्षण संस्था, देवघाट-५, तनहुँको माग बमोजिम आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बोटे समुदायको संरक्षण तथा सम्बर्द्धन कार्यक्रममा विनियोजित रु. ५ लाख बजेटबाट बोटे समुदायको जिविकोपार्जनको लागि राफ्टिङ बोट खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

ग) कोशी प्रदेश, संखुवासभा जिल्लाको भोटखोला गाउँपालिका वडा नं. ४ निवासी ४७ वर्षिय गाउँपालिका अध्यक्ष वाङछेदर लामालाई क्रोनिक किड्नी डिजिज मृगौला रोगबाट पीडित भई उपचाररत रहेको र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएको भनी उपचारको लागि भोटखोला गाउँकार्यपालिकाको मिति

तिल वहादुर थापा
अध्यक्ष

२०८२-०५-०८ गतेको कार्यपालिकाको बैठको निर्णय सहित आर्थिक सहयोग माग गरेको र एक पालिका र अर्को पालिकाको आपसी सम्बन्ध हुने हुँदा निजलाई आर्थिक सहयोग स्वरुप रु. २० हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरियो।

घ) नेछेन थार्वालिङ बौद्ध गुम्बा, देवघाट-५, तनहुँको माग बमोजिम उक्त गुम्बामा ३० जना लामाहरु ध्यान (गुफा) ३ महिना बस्ने भएको र गुम्बाको आर्थिक अभाव भएको खानापिन तथा पुजा खर्चको लागि रु ३० हजार रुपैयाँ मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ङ) मिति २०८२ फाल्गुन १५ गते ४४ औं मगर संघ स्थापना (एकाता) दिवस एवम् साहित्यिक (भाषा/लिपी) सम्मेलन नेपाल मगर संघ जिल्ला समन्वय समिति, तनहुँको आयोजनामा सम्पन्न गरेकोले नेपाल मगर संघ, जिल्ला समन्वय समिति, तनहुँलाई रु. २५,०००/- (अक्षरुपी पच्चीस हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

च) देवघाट गा.पा. वडा नं. ५ स्थित वातावरण शुद्धिकरण, पितृमोक्ष, प्रकृति शान्ति, यज्ञ संरक्षण समितिले २०८२ माघ/१९ गते देखि २०८३ बैशाख मसान्तसम्म सञ्चालन भएको वातावरण शुद्धिकरण, प्रकृति शान्ति, यज्ञ साधना तथा वेणी संगम नदि सरसफाइ कार्यक्रम रहँदै आएकोले उक्त कार्यक्रम सञ्चालन कार्यको लागि वातावरण शुद्धिकरण, पितृमोक्ष, प्रकृति शान्ति, यज्ञ संरक्षण समिति, देवघाट-५ तनहुँलाई रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

छ) मिति २०८३ बैशाख ४ र ५ गते रिसिङ-१, झापुटारमा "दोस्रो राष्ट्रिय मौलिक कौराहा सम्मेलन-२०८३" नेपाल मगर सांस्कृतिक संघ, केन्द्रीय कार्यसमिति, ललितपुर नेपालको आयोजनामा संचालन भई सम्पन्न भएको हुँदा उक्त संस्कृतिक संघलाई रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

तिल बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत